# नेपाल राजपत्र

## भाग १

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**खण्ड २६ ] काठमाडौं, चैत १४ गते २०३३ साल [ अतिरिक्ताङ्क ४६ (घ)**

# शाही–सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०३३ साल चैत्र १४ गते भारतको एक साताको अनौपचारिक भ्रमणमा सवारी होइबक्सनु अगाडि राष्ट्रका नाममा बक्सेको सन्देश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

प्यारा देशवासीहरू,

आज हामी काँची कामकोटी पीठका जगद्गुरू शंकराचार्य श्री जयेन्द्र सरस्वती स्वामीगलको निमन्त्रणामा एक साताको अनौपचारिक भ्रमणमा भारत जान लागेका छौं । यस अवधिमा हामीबाट मदुराईमा धर्म, दर्शन तथा संस्कृतिसम्बन्धी विश्वसम्मेलनको उद्घाटन हुनेछ । हामीलाई आशा छ– हाम्रो यस भ्रमणले धार्मिक तथा साँस्कृतिक सम्पर्कहरूको नवीकरण गर्नुका साथै हाम्रा दुई देशका बीच रही आएको मैत्रीपूर्ण सम्बन्धलाई अझै सुदृढ पार्न पनि मद्दत पुऱ्याउनेछ ।

१०५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाम्रो अनुपस्थितिमा हामीबाट हेरिबक्सिने कार्यका लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं । मुलुकको भैपरि आउने अन्य दैनिक कार्यको निमित्त मन्त्रिपरिषद् छँदैछ । समस्त राष्ट्रसेवक तथा देशवासीहरूले नेपाल र नेपालीको भलाइ सोची मुलुकमा अमनचैन कायम राख्न आ–आफ्नो क्षेत्रबाट सहयोग प्रदान गर्नेछन् भन्ने हामीले विश्वास गरेका छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग

१०१४

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।